राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं. लि., भद्रकालीप्लाजा, काठमाडौं




Volume 24, Issue 5 No. 170 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Mangsir 2081 (November/December-2024)

# नेपाल टेलिकम सम्मानित

आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी आयकर दाखिला गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याएकोले नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागबाट नेपाल टेलिकमलाई सम्मान पत्र प्रदान गरिएको छ ।

गत मङ्सिर १ गते राष्ट्रिय कर दिवस २०८१ को अवसर मा आयोजित एक कार्यक्रमका बिच नेपाल टेलिकमलाई उप प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सम्मानित गर्नुभएको हो । नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले सो सम्मान ग्रहण गर्नु भयो । आन्तरिक राजस्व विभागले हरेक वर्ष मङ्सिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई सम्मानित पनि गर्दै आएको छ । सो अवसरमा नेपाल टेलिकम सहित सबैभन्दा धेरै कर तिर्ने अन्य व्यक्ति र संस्थालाई सम्मानित गरिएको थियो ।




# प्रथम नेपाल प्रिमियर लिग (NPL) मा टेलिकमको साथ

नेपाल प्रिमियर लिग (एनपीएल) को प्रथम संस्करण हालै सम्पन्न भएको छ । विश्वसामु नेपाली क्रिकेटलाई थप परिचित गराउँदै नेपाली क्रिकेट एवम् खेलाडीहरुको पहिचान अभिवृद्धि गर्न यस लिगले सहयोग गरेको महशुस गरिँदैछ भने नेपाललाई खेलकुद पर्यटनको एक सम्भाव्य गन्तव्यको रुपमा समेत स्थापित गराउन महत्वपूर्ण भूमिका खेलेको छ । गत मङ्सिर १५ गते देखि पौष ६ गते सम्म त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान किर्तिपुरमा सम्पन्न उक्त प्रतियोगितामा सहभागी ८ टोली मध्ये सुदूरपश्चिम रोयल्सलाई नेपाल टेलिकमले प्रायोजन समेत गरेको थियो ।

प्रतियोगितामा सहभागी टोली मध्ये जनकपुर बोल्ट्सले विजेता बन्दै नगद रु. १,११,००,०००।- (अक्षेरेपी एक करोड एघार लाख मात्र) हात पारेको थियो भने उप-विजेता बन्दै सुदूरपश्चिम रोयल्सले रु. ५१,००,०००।- (अक्षेरेपी एकाउन्न लाख मात्र) जितेको थियो । साथै सुदूरपश्चिम रोयल्स टोलीका मार्की खेलाडी दिपेन्द्र सिंह ऐरीले उत्कृष्ट नेपाली खेलाडीको पुरस्कार हात पारेका थिए ।

नेपाली खेलकुद इतिहासको कोशेढुङ्गाको रुपमा पहिचान बनाउन सफल प्रतियोगिताको मिडिया सेन्टरको अभिन्न अङ्गको रुपमा योगदान पुऱ्याउन पाउँदा कम्पनी गौरवान्वित महसुस गर्दछ ।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम
NPL
NEPAL PREMIER LEAGUE

खेल अवधिभर नेपाल टेलिकमले खेलमैदानमा हुन सक्ने क्रिकेटप्रेमी दर्शकहरुको अत्यधिक चापलाई मध्यनजर गर्दै अटुट रुपमा दूरसञ्चार सेवा प्रवाह गर्ने उद्देश्यले खेल मैदान वरिपरि small cells लगायतका उपकरणहरु जडान गरेर गुणस्तरीय सञ्चार सेवा प्रदान गरेको थियो । यसका साथै क्रिकेट एसोसियसन अफ नेपाल (क्यान) को अनुरोधमा मेडिया सेन्टर सञ्चालन तथा सम्पूर्ण खेलहरुको प्रत्यक्ष प्रसारणका लागि १ जीबीपीएस गतिका २ थान FTTH का साथै १०० एमबीपीएस गतिको Lease Line समेत जडान गरेको थियो ।

कम्पनीले २०८१ मङ्सिर १४ गते र्‍याडिसन होटलमा प्रायोजित टोली सुदूर पश्चिम रोयल्ससँग MEET & GREET कार्यक्रमको आयोजना गर्दै सोही अवसरमा अनलिमिटेड रिसोर्स सहितको NT Cricket Dhamaka Pack समेत सार्वजनिक गरेको थियो, जसको प्रयोगले ग्राहकले लिग अवधिभर सस्तो दरमा आफ्नै डिभाइसमा सहज तवरले खेलको आनन्द लिएका थिए ।

# MPOS रिचार्जमा बोनस

नेपाल टेलिकमका प्रिपेड तथा पोष्टपेड मोबाइल रिचार्ज गर्नका लागि रिचार्ज कार्डको अतिरिक्त अन्य विभिन्न वैकल्पिक उपायहरु अपनाउन सकिन्छ । यसका लागि विभिन्न दरका रिचार्ज कार्डका साथै Mobile Point Of Sale (MPOS) / Namaste pay, eSewa, Khalti, IMEPay लगायतका डिजिटल वालेटहरु विकल्पको रुपमा रहेका छन् ।

नेपाल टेलिकमले गत मङ्सिर १८ देखि यही पौष १५ गते सम्मका लागि Mobile




(बाँकी पृष्ठ ३ मा) ....



newsletter-poush-f.indd 1 1/3/2025 4:21:15 PM

# प्रादेशिक निर्देशनालय अत्तरिया गतिविधि

नेपाल टेलिकमले ग्राहक एवम् बजारको माग बमोजिम प्रदान गरिआएका सेवा मध्ये मुख्य गरी NT फाइबर (FTTH) र मोबाइल सेवा रहेका छन् । उक्त सेवाहरु सञ्चालन, सुधार तथा विस्तारका सम्बन्धमा यस प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूर-पश्चिम प्रदेशले बिभिन्न गतिविधिहरु गर्दै आएको छ।

## FTTH सेवाको अवस्था

यस प्रादेशिक निर्देशनालय अन्तर्गत FTTH विस्तार तर्फ करिब ९० प्रतिशत पुरानो कपर नेटवर्क विस्थापित गर्ने गरी फाइबर विस्तार भई हाल ९४९५५ पोर्ट home pass तयार गरिएको छ भने २२४२१ ग्राहकहरुले सेवा लिईरहेको अवस्था छ। हाल सम्म यस प्रादेशिक निर्देशनालय अत्तरियाबाट १८९ ओटा FDC तयार गरी फाइबर नेटवर्क विस्तार गरिएको छ । निकट भविष्यमा नै सम्पूर्ण पुरानो कपर नेटवर्कलाई फाइबर प्रविधिमा आधारित FTTH सेवामा रुपान्तरण गर्ने योजना यस प्रादेशिक निर्देशनालयको रहेको छ ।

विगतमा कपर नेटवर्कको विस्तार हुन नसकेका नयाँ स्थानहरुमा पनि फाइबर सेवा विस्तार गरिएको छ । मुख्य गरी राष्ट्रिय राजमार्ग आसपासका सहर उन्मुख



वस्तीहरुमा विस्तारको लक्ष्य लिइएको र हालसम्म यस प्रदेशको देहिमाण्डौ, बगौरा, देउलेख, देउरा, झोता, गोपघाट, बुढीगंगा र भतकाडामा नेपाल टेलिकमको फाइबर सेवा विस्तार भइसकेको छ । यस्ता दुर्गमका साना बजारहरुमा नेपाल टेलिकमको फाइबर सेवा प्रति ग्राहकको आकर्षण शहर केन्द्रित बस्ती भन्दा निकै वढि भएको समेत पाइएको छ । कतिपय पालिकाहरुले केही अनुपातमा आफैंले लगानी गरेरै भए पनि नेपाल टेलिकमको फाइबर सेवा विस्तारका लागि अनुरोध गर्दै आइरहेका छन् । हालै मात्र बझाङ जिल्लाको देउलेक, देवरा र झोतामा स्थानिय पालिकाहरुले नि:शुल्क कोठा तथा आवश्यक पोल उपलब्ध गराई सहयोग गरेको र नेपाल टेलिकमले विस्तार गरेको नेटवर्कबाट दुई महिनाकै अवधिमा १६० ग्राहकहरु लाभान्वित भई टेलिकमको सेवासँग आवद्ध भइसकेका छन् । चालु आर्थिक बर्षभित्रै यस प्रदेश अन्तर्गत पुरानो कपर नेटवर्क पूर्ण रुपमा विस्थापित गर्ने गरी कार्य बढाइएको छ । नयाँ ग्राहक आधार भएका स्थानहरुको पहिचान गरी थप विस्तारको लक्ष्य लिई राष्ट्रिय राजमार्ग नजिकका स्थानहरु कैलालीको सहजपुर, डडेल्धुराका आलिताल, गोदाम र परिगाउँ तथा बैतडीको पुर्चौडी हाट लगायतका स्थानहरुमा फाइबर सेवा विस्तार गर्ने कार्य योजनामा रहेको छ ।

## मोबाइल सेवाको अवस्था:

प्रदेशका सबै पालिकाहरु तथा तराई, पहाड देखि हिमालसम्मका बस्तीहरुमा सेवाको पहुँच स्थापना भएको छ । यस सन्दर्भमा विगत केहीसमय देखि सेवाग्राहीहरुले केहीथप स्थानहरुमा मोबाइल नेटवर्क विस्तारको माग गरिरहेको अवस्थामा नयाँ वी.टी.एस.का सामान प्राप्तिमा प्राविधिक कारणले केही ढिलाई महसुस भएतापनि वायरलेस सेवा निर्देशनालयसँगको समन्वयमा पुरानो 2G उपकरण खालि गरी करिब साठी वटा वी.टी.एस. 4G मा स्तरोन्नति गर्ने र चालिस भन्दा बढी ठाउँमा नयाँ वी.टी.एस. जडान गरी 4G सेवा सञ्चालन गरिएको छ ।

यस अन्तर्गत डडेल्धुरा जिल्लाको जोगबुढा, आलिताल, स्याउले आदि ठाउँमा नयाँ टावर स्थापना गरी सेवा सञ्चालन गरिएका छन् । त्यस्तै दार्चुला जिल्लाको बर्मुडा, पौनेखोला, नौगाड, दल्लेक, डाडाकोट, लालीमा सेवा सञ्चालन भएको छ । यसका साथै अपि हिमालको फेदीको लुम्चा र कुनै किसिमको नेटवर्क नभएका व्यास गाउँपालिकाको धौलाकोट बस्तीमा नयाँ टावर स्थापना गरी सेवा सञ्चालन गरिएको छ । सैनबन टावर स्थापना बाट चमेलिया बलाँच र बैतडीको गन्नामा भरपर्दो नेटवर्क स्थापना भएको छ । त्यस्तै बैतडी जिल्लाको पाली, पाटन, हाट, दोगडाकेदार, डिलासैनी, रोगटा जस्ता ठाउँ तथा डोटी जिल्लाको बग्लेक, रन्तोला, गुन्कोट, छतिवन, जोरायल र बुडर आदि ठाउँमा नयाँ टावर स्थापना गरी सेवा सञ्चालन गरिएको छ । बझाङ जिल्लाको बित्थड र सुबेडा लगायत बाजुरा जिल्लाको खप्तड राष्ट्रिय निकुन्ज, छेडेदह, त्रिवेणी, बुढीगंगा, डोगडी, कोर्ध, बुढीनन्दा, गौमुल आदि ठाउँमा समेत नयाँ टावर स्थापना गरी सेवा सुचारु गरिएको छ। यसैगरी अछाम जिल्लाको मंगलसेन, खप्तड, गैरिटाड, गैरिलेक, बयालपाटा, आदि ठाउँमा पनि नयाँ टावर स्थापना गरी सेवा सञ्चालन गरिएको छ ।

यस प्रदेश अन्तर्गतका पालिकाहरुबाट सेवा माग भएका स्थानहरुमा वायरलेस सेवा निर्देशनालयसँग समन्वय गरी प्रादेशिक निर्देशनालय बाट संरचना निर्माण गर्ने कार्य चालु रहेको छ । यस कार्यक्रम अन्तर्गत डडेल्धुराको परसुराम नगरपालिकाको ठुलिभाडी, उमरलेक तथा नवदुर्गा र बोगटाकोटमा नयाँ टावर निर्माण कार्य जारी छ । त्यस्तै बैतडी जिल्लाको पुर्चौडी, चौखाम, आमचौर, ढुंगाबिसौनाका साथै डोटी जिल्लाको तोलेनी, ठुलागाडा, के.आइ. सिंहमा नयाँ टावर बनाउने कार्य भइरहेको छ । साथसाथै बझाङ जिल्लाको देउरा, छब्बीस पाथिभरा, जयपृथ्वी, सुरमा, कैलास, छान्ना तथा बाजुरा जिल्लाको धुलाचौर, पाडी, कोल्टी आदि ठाउँमा र अछामको जिल्लाको बिरपथमा नयाँ टावर बनाउने कार्य जारी छ । निकट भविष्यमा टावर निर्माण कार्य सम्पन्न भइ यी वी.टी.एस.हरुबाट सेवा सञ्चालन हुनेछन् । यसका अतिरिक्त तराईका जिल्लाहरुमा सेवा सुधार कार्य अन्तर्गत बेलापुर, जोशीपुर, बौनिया, पल्टुर्पु, बर्दगोरिया, घोडाघोडी, झलारी र बेल्डाँडी आदि ठाउँमा टावर बनाउने कार्य जारी रहेको छ जसबाट तराई क्षेत्रका धेरै बस्तीहरुमा सेवाको गुणस्तर सुधार हुने अपेक्षा गरिएको छ ।

नेपाल टेलिकमका सेवाहरु थप सुधार गर्ने सम्बन्धमा वायरलेस सेवा निर्देशनालयसँग समन्वय गरी थप स्थानमा नयाँ टावर स्थापना गर्ने कार्यक्रम रहेको छ । जस अन्तर्गत डडेल्धुरा जिल्लाका रुपालिगाड, अजयमेरु, परसुराम र दार्चुला जिल्लाका लटिनाथ, सर्मोली, रिठाचौपता, दुहु, गल्फई आदि स्थानका साथै बैतडी जिल्लाका विजयपुर, पञ्चेश्वर, चौखाम, सुर्नया तथा डोटी जिल्लाका पातल, निरोली, धिर्कामाण्डु लगायत स्थानमा समेत निकट भविष्यमा नयाँ टावर स्थापना गरी सेवा सञ्चालन गर्ने योजना रहेको छ । यसका साथै बझाङ जिल्लाका तल्कोट, केदारस्यूँ र दुर्गाथली, बाजुरा जिल्लाका बिछ्या, कबाडी र बुढीनन्दा, अछाम जिल्लाका विनायक, धमाली, कालिकास्थान, ढकारी, रामारोशन, मंगलसेन र साँफे बगर लगायत स्थानमा नयाँ टावर स्थापना गर्ने योजना रहेको छ ।

रणनीतिक महत्वका रिपिटर हरुमा माइक्रोवेभ रेडियो प्रणाली थप गरी अप्टिकल फाइबर काटिएको अवस्थामा पनि सेवा निरन्तरता हुने व्यवस्था मिलाउन लागिएको छ । यस प्रकृतिका १० ठाउँमा प्रणाली सुधार गर्न निर्क्योल गरिएको छ ।

ग्रामिण भेगमा सञ्चालनमा रहेका करिब ८० वटा टावर हरुमा विद्युत सुविधा उपलब्ध नभएकोले सोलार प्रविधिबाट वी.टी.एस. सञ्चालन गरिएको र बर्खाको समय तथा मौसम प्रतिकुल हुने अवस्थामा सोलारले काम नगर्ने हुँदा त्यस्ता ठाउँका सेवा अवरुद्ध



हुने गरेकोमा उक्त टावरसम्म विद्युत लाइन विस्तार गर्न सम्बन्धित पालिकासँग समन्वय गरी विद्युतीकरण कार्य अगाडी बढाइएको छ । यसै बर्षभित्र करिब १० वटा टावरमा विद्युत पुर्‍याइएको र सो कार्यबाट कम्पनीको ठूलो विद्युतीय खर्च बचत हुने अपेक्षा गरिएको छ। त्यसैगरी केही टावरमा पुरानो ब्याट्रीलाई नयाँ लिथियम आयन ब्याट्रीले प्रतिस्थापन गरिएको छ, जसबाट सेवा निरन्तरतामा निकै सुधार आएको छ ।



newsletter-poush-f.indd 2 1/3/2025 4:21:15 PM

# प्याक खरिद गर्ने तरिका

विभिन्न प्रकारका प्याक प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गरेर आवश्यकता अनुसारको प्याक खरिद गर्न सकिन्छ ।

विभिन्न नम्बर डायल गरेर वा एसएमएस पठाएर पनि प्याक खरिद गर्न सकिन्छ । एक घण्टा अनलिमिटेड प्याक खरिद गर्नका लागि सिधै *1415*8 # डायल गरेर आफूले प्रयोग गर्न चाहेको भ्वाइस, एसएमएस वा डाटाका लागि क्रमश: १, २ र ३ अंक डायल गर्नु पर्छ । त्यसैगरी सिधै FDPACK टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ ।

त्यसैगरी डे टाइम भ्वाइस प्याक खरिद गर्नका लागि सिधै *1415*9*2# डायल गर्न सकिन्छ । सिधै DVUNL टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ ।

अनलिमिटेड नाइट टाइम भ्वाइस प्याकका लागि सिधै *1415*1*5*4# डायल गर्न सकिन्छ । सिधै NVUNL टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ ।

अनलिमिटेड नाइट डाटा प्याकका लागि सिधै *1415*3# डायल गरेर १ दिनका लागि प्याक लिने भए १ र ७ दिनका लागि प्याक लिने भए २ अंक डायल गर्नु पर्छ । त्यसैगरी एक दिनको प्याकका लागि NUNL र ७ दिनका लागि भए UNL7 टाइप गरी १४१५ मा एसएमएस पठाउन सकिन्छ ।

यी बाहेक कम्पनीको एप 'नेपाल टेलिकम' र कम्पनीको वेबसाइट www.ntc.net.np बाट पनि अनलिमिटेड डाटा वा भ्वाइस प्याक सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ ।

# बाँकी प्याक थाहा पाउने तरिका

मोबाइलमा लिएको भ्वाइस प्याक वा अन्य कुनै पनि प्याक कति बाँकी छ भनी थाहा पाउनका लागि *1415*55# डायल गर्न सकिन्छ । त्यसैगरी VL लेखेर १४१५ मा एसएमएस गर्न पनि सकिन्छ । त्यसपछि कति भ्वाइस प्याक वा अन्य प्याक बाँकी छ भन्ने जानकारी सहितको एसएमएस आउँछ । साथै नेपाल टेलिकम एपमार्फत पनि बाँकी प्याक थाहा पाउन सकिन्छ ।

# यसरी लिनुस् कम्पनीको वेबसाइटबाटै डाटा प्याकेज

नेपाल टेलिकमले उपलब्ध गराएका विभिन्न डाटा प्याकेज अनलाइनको माध्यमबाट नेपाल टेलिकमको वेबसाइटबाटै पनि खरिद गर्न सकिन्छ ।

यसका लागि offer.ntc.net.np मा Log On गर्नु पर्छ । त्यसपछि आफूले प्रयोग गर्ने जीएसएम वा सीडीएमए मोबाइलका विभिन्न डाटा प्याकेजहरु छनोट गर्नु पर्छ । विभिन्न डाटा प्याकेजको मूल्य र समयावधि समेत त्यहीं देख्न सकिन्छ । त्यसपछि ग्राहकले आफ्नो मोबाइल नम्बर र PUK नम्बर राख्नु पर्छ । PUK नम्बर थाहा पाउनका लागि म्यासेज बक्समा PUK टाइप गरी १४१५ मा एसएमएस गर्न सकिन्छ । यो सेवा विशेष गरी कम्पनीका Dongle मार्फत डाटा प्रयोग गर्ने ग्राहकहरुका लागि निकै उपयोगी छ ।

सबै विवरण भरेर बाई डाटा प्याक (Buy Data Pack) बटन थिचेपछि ग्राहकको मोबाइलमा आवश्यक डाटा प्याकेज उपलब्ध हुन्छ । यसका लागि मोबाइलमा आवश्यक ब्यालेन्स भने हुनु आवश्यक छ ।

# यसरी लिनुस् मोबाइलबाटै डाटा प्याक

नेपाल टेलिकमको जीएसएम मोबाइलमा विभिन्न प्रकारका डाटा प्याक अफर उपलब्ध छन् । आफूलाई आवश्यक डाटा प्याक खरिद गरी सस्तोमा इन्टरनेट चलाउन सकिन्छ ।

*1415# डायल गरी यस्ता डाटा प्याक अथवा अफर लिन सकिन्छ । मोबाइलबाट *1415# डायल गरेपछि क्रमश: 1, 2, 3, 4, 5, ...... आदि विभिन्न नम्बरमा विभिन्न शीर्षक मोबाइलको स्क्रिनमा देखिन्छ । त्यसपछि आफूले लिन चाहेको प्याक वा अफर अन्तर्गतको क्रम संख्या (1, 2 अथवा 3, ........) लेखेर Send गरी आवश्यक डाटा प्याक अथवा अफर लिन सकिन्छ । विभिन्न प्रकारका डाटा भोल्युम र तिनको मूल्य समेत त्यहीं देखिन्छ । जस्तै : क्रम संख्या 2 लेखि Send गर्दा Postpaid अन्तर्गतका विभिन्न प्याक आउँछन् । तत्पश्चात आफूले लिन चाहेको प्याक अन्तर्गतको क्रम संख्या (1 अथवा 2 अथवा 3....) लेखी फेरि Send गरी आवश्यक डाटा प्याक लिने र अन्त्यमा OK गर्नु पर्छ । यसरी विभिन्न प्याक अथवा अफरहरु सजिलै Subscribe गर्न सकिन्छ ।

# सञ्चालक समिति सदस्यमा लोक बहादुर कटुवाल निर्वाचित



लोक बहादुर कटुवाल

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को सञ्चालक समितिमा कर्मचारी प्रतिनिधिको रुपमा लोक बहादुर कटुवाल निर्वाचित हुनुभएको छ । कम्पनीको नियमावलीको नियम १२ को खण्ड (छ) को समूह ख (कर्मचारी समूह) तर्फको कर्मचारी प्रतिनिधि सञ्चालक छनौटको लागि गत २०८१ मङ्सिर २८ गते सम्पन्न निर्वाचनबाट कटुवाल कर्मचारी प्रतिनिधिको रुपमा सञ्चालक समिति सदस्यमा निर्वाचित हुनुभएको हो ।

कम्पनीको सञ्चालक समितिमा कर्मचारीहरुको प्रतिनिधित्व गराउन 'नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०७४' बमोजिम कम्पनीको सेवामा वहाल रहेका स्थायी कर्मचारीहरुको मतबाट कटुवाल मिति २०८१ मङ्सिर २९ गते कर्मचारी प्रतिनिधि सञ्चालकमा निर्वाचित हुनुभएको थियो । कर्मचारी प्रतिनिधि सञ्चालकको रुपमा सञ्चालक समितिमा निजको कार्यकाल दुइ वर्षको हुनेछ । यससँगै कम्पनीको सञ्चालक समितिमा गत २०८१ जेठ २८ गतेदेखि रिक्त रहेको कर्मचारी प्रतिनिधि सञ्चालक पदले पूर्णता पाएको छ ।

# MPOS रिचार्ज.....

(पृष्ठ १ को बाँकी)

Point Of Sale (MPOS) रिचार्जमा देहाय बमोजिम बोनस समेत उपलब्ध गराएको थियो ।

| S.N. | Upon Recharge of Rupees | Bonus (Resource) |
|---|---|---|
| 1 | 50-99 | 20 Min On-Net Voice for 3 days |
| 2 | 100-199 | 50 Min On-Net Voice for 3 days |
| 3 | 200-499 | 2 GB (Per day 1 GB for 2 days) |
| 4 | 500 & above | 8GB (Per Day 2GB for 4 days) |

ग्राहकवर्गले सहजरुपमा कम्पनीका सेवाहरु मार्फत परिवारजन तथा मित्रवर्गसँग सञ्चार सम्पर्कमा रहिरहन सहज होस् भन्ने उद्देश्यले रिचार्जकार्डका अतिरिक्त विभिन्न विद्युतीय माध्यमबाट समेत टपअप गर्न सकिने व्यवस्था कम्पनीले गरेको छ ।

यसका साथै कम्पनीले सहज तवरले अविछिन्न रुपमा सञ्चार सेवा उपभोग गर्न ब्यालेन्स सकिएको अवस्थामा समेत प्रिपेड मोबाइल प्रयोगकर्ताहरुको लागि नमस्ते सापटीको सुबिधा उपलब्ध गराएको छ । प्रिपेड मोबाइल प्रयोगकर्ताहरुले Start टाइप गरी १४७७ मा सन्देश पठाएर अथवा *1477# डायल गरी 1 छनौट गरेर सापटी लिन सकिनेछ ।



newsletter-poush-f.indd 3 1/3/2025 4:21:16 PM

# NTTV बारेमा बारम्बार सोधिने प्रश्न र तिनका उत्तरहरु

### NTTV भनेको के हो ?

नेपाल टेलिकमले ग्राहकहरुलाई इन्टरनेट सेवा प्रदान गर्न तयार गरेको फाइबर नेटवर्क (FTTH) बाट गुणस्तरीय टेलिभिजन च्यानलहरु समेत हेर्न सकिने सेवा NTTV हो ।

### यो सेवा कहाँ उपलब्ध हुन्छ ?

नेपाल टेलिकमको फाइबर इन्टरनेट (FTTH) नेटवर्क उपलब्ध भएका स्थानहरुमा यो सेवा उपलब्ध हुन्छ । तर Microwave Transmission Link मार्फत FTTH सेवा पुऱ्याइएका स्थानमा भने Band-width Limitation को कारणले गर्दा NTTV सेवा उपलब्ध हुँदैन । सुविधा लिन चाहेको क्षेत्रको नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गरेर वा ग्राहक सेवा केन्द्रको टेलिफोन नं १९८ मा नि:शुल्क कल गरेर सेवा उपलब्धताको बारेमा बुझ्न र सेवा जडान तथा मर्मत समेत गर्न सकिन्छ ।

### अन्य केबुल टेलिभिजन तथा DTH भन्दा NTTV मा के फरक छ ?

NTTV मा एउटै फाइबर तारबाट इन्टरनेट, टेलिभिजन र ल्याण्डलाइन टेलिफोन चलाउन सकिन्छ । डिजिटल IP प्रविधिमा आधारित सेवा भएकोले ग्राहकहरुले गुणस्तरीय सेवाको अनुभव गर्न सक्नुहुनेछ ।

### NTTV लिन घरमा ल्याण्डलाइन टेलिफोन भएको हुनुपर्छ ?

पर्दैन । FTTH इन्टरनेट लिएको लाइनबाटै टेलिभिजन चलाउन सकिन्छ र ग्राहकले चाहेमा सोही लाइनबाट इन्टरनेट, टेलिभिजन र टेलिफोन तीनवटै सेवा चलाउन सक्नुहुन्छ ।

### NT Fiber मा इन्टरनेट वा टेलिफोन सुविधा नलिई NTTV मात्र जडान गर्न सकिन्छ ?

NT Fiber मा हाल Internet + NTTV + Free Telephone, NTTV + Free Tele-phone, Internet + Free telephone, Internet Only / Telephone Only प्याकेजहरु उपलब्ध छन् । NTTV मात्रको प्याकेज उपलब्ध छैन ।

### NTTV लिनको लागि के के कागजात चाहिन्छ ?

नेपाल टेलिकमको FTTH सेवा प्रयोग गरिरहनु भएका ग्राहकहरुले थप कागजात पेश गर्नु पर्दैन, नजिकको दूरसञ्चार कार्यालयमा गई आवश्यक रकम भुक्तानी गरेर NTTV सेवा सकृय गर्न सक्नुहुन्छ । नयाँ ग्राहकहरुले नेपाल टेलिकमको वेवसाईटमा वा नजिकको दूरसञ्चार कार्यालयमा उपलब्ध हुने ग्राहक आवेदन फाराम रीतपूर्वक भरी सो को साथमा नेपाली नागरिकताको फोटोकपी र एक प्रति फोटो संलग्न गर्नु पर्दछ । अथवा नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रको टेलिफोन नं १९८ मा नि:शुल्क कल गरेर सेवा जडान तथा मर्मत गर्न सकिन्छ ।

### आवेदन फारम पेश गरेको कति समयमा NTTV जडान हुन्छ ?

प्राविधिक रुपमा सम्भव भएको ठाउँमा जडानको लागि कागजात पेश गरी रकम भुक्तानी हुनासाथ एकै दिनमा सेवा जडान गर्न सकिन्छ ।

### यो सेवा जडान गर्न तथा आवश्यकता बमोजिमका प्याकेजहरु खरिद गर्न के कति खर्च लाग्दछ ?

सेवा जडान तथा उपलब्ध प्याकेजहरुको मूल्य वारे मा विस्तृत जानकारी https://www.ntc.net.np/tariff/ftth-tariff बाट लिन सकिन्छ ।

### बेसिक तथा प्रिमियम प्याकेजहरुमा उपलब्ध हुने च्यानलहरुको विस्तृत विवरण कसरी थाहा पाउन सकिन्छ ?

बेसिक तथा प्रिमियम प्याकेजहरुमा उपलब्ध हुने च्यानलहरुको विस्तृत विवरण https://www.ntc.net.np/services/nttv बाट लिन सकिन्छ ।

### NTTV सेवा उपयोगका लागि चाहिने उपकरण वा सामानहरु कहाँबाट पाउन सकिन्छ ?

नयाँ ग्राहकहरुका लागि FTTH राउटर र सेटअप बक्स आवश्यक पर्छ । पुराना FTTH ग्राहकहरुको घरमा पहिले नै FTTH राउटर हुने हुँदा सेटअप बक्स मात्र थप गर्नुपर्ने हुन्छ । उल्लिखित सामानहरु नेपाल टेलिकममा नै उपलब्ध हुन्छ । तर टेलिभिजन सेट, पावर केबल आदि नेपाल टेलिकमबाट उपलब्ध हुँदैन, ग्राहकले नै व्यवस्था गर्नुपर्छ ।

### एउटा कनेक्सनबाट कतिवटा टेलिभिजन सेट चलाउन सकिन्छ ?

घरमा चलाउने टिभिको संख्या अनुसारको प्याकेज लिई एउटा कनेक्सनबाट बढीमा तीन वटा सम्म टेलिभिजन चलाउन सकिन्छ ।

### पहिल्यै देखि FTTH Internet सेवा लिईरहेका ग्राहकले NTTV सेवा लिन कति शुल्क लाग्छ ?

पहिल्यै देखि घरमा FTTH मार्फत इन्टरनेट वा ल्यान्डलाईन सेवा लिईरहेका ग्राहकहरुले जडान शुल्क, FTTH Router को शुल्क तिर्नुपर्दैन भने NTTV को लागि आवश्यक पर्ने Set Top Box को शुल्क तिर्नुपर्दछ । यसैगरी NTTV सहितको प्याकेजको लागि लाग्ने शुल्कमा पहिले लिइरहेको इन्टरनेट प्याकेजको बाँकी रहेको रकम समायोजन गरी नपुग रकम मात्र भुक्तानी गरी नयाँ NTTV सहितको प्याकेज एक्टिभ गर्न सकिन्छ ।

### सेवा जडान पछिको नियमित महशुल कसरी भुक्तानी गर्न सकिन्छ ?

नजिकको नेपाल टेलिकमको काउन्टरमा गएर वा बजारमा उपलब्ध नेपाल टेलिकमको रिचार्ज कार्डबाट वा विभिन्न विद्युतीय माध्यम प्रयोग गरी घरैबाट पनि महसुल भुक्तानी गर्न सकिन्छ ।

### FTTH इन्टरनेट, ल्याण्डलाइन र NTTV तीनवटै सेवा लिएको छ भने एकमुष्ट भुक्तानी गर्नुपर्छ कि अलग अलग गर्न सकिन्छ ?

आफूले लिएको प्याकेजको महसुल भुक्तानी एकमुष्ट गर्नुपर्छ ।

### NTTV सेवाको गुणस्तरमा ढुक्क हुने आधार के छ ?

यो सेवा अत्याधुनिक फाइबर प्रविधिमा आधारित सेवा भएकोले सेवाको गुणस्तर राम्रो रहन्छ । स्याटेलाइट मार्फत आउने टेलिभिजन सिग्नलमा जस्तो मौसममा हुने गडबढीको असर NTTV मा रहँदैन । सेवामा आउने सामान्य समस्याहरु कार्यालयबाटै समाधान गर्न सकिने भएकोले फिल्डमै खटिएर मर्मत सम्भार गर्नुपर्ने अवस्था न्यून रहन्छ ।

### सेवा सम्बन्धी कुनै जानकारी, गुनासो वा समस्या भएमा कहाँ सम्पर्क गर्न सकिन्छ ?

सेवा सम्बन्धी थप जानकारी वा गुनासो वा समस्याको लागि नजिकको दूरसञ्चार कार्यालय वा ग्राहक सेवा केन्द्रको टेलिफोन नं. १९८ मा सम्पर्क गर्न सकिन्छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Navin Kumar Mishra
Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal



newsletter-poush-f.indd 4    1/3/2025 4:21:16 PM